# सहिदभूमि राजपत्र

सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड-३, सङ्ख्या- ३ सहिदभूमि राजपत्र, मिति : २०८०/०३/०८

भाग - २

## गाउँसभा सदस्य पूर्वाधार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७(पहिलो संसोधन २०८०)

**सहिदभूमि गाउँपालिका प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले** बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# गाउँसभा सदस्य पूर्वाधार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७(पहिलो संसोधन २०८०)

पहिलो संसोधित मितिः २०८०/०३/०८

१. कार्यविधिको नाम, प्रस्तावना, परिच्छेद १ को संक्षिप्त नाम र प्रारम्भ, परिच्छेद २ को परिभाषाको उपनियम (ज) मा गाउँसभा सदस्य पूर्वाधारको सट्टा गाउँसभा सदस्य विकास राख्ने ।

२. नियम ४ को उपनियम ४ मा देहाय अनुसार थप गर्ने

"सर्वसम्मत हुन नसकेमा बहुमतबाट र मत बराबर भएमा संयोजकको मत निर्णयक हुनेछ ।"

३. नियम ६ मा तपशिल अनुरुपको उपनियम (ण) थप गर्ने

"समुदायमा क्रियाशिल सेवामूलक सामुदायिक संघ संस्थालाई मागका आधारमा आवश्यक सामग्री खरिद गर्ने ।"

आज्ञाले :

नविन कार्की

प्रमुख प्रशासकीय अधिकृत